# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

## छैठौं अधिवेशन

## बैठक संख्या: ०१

## सूचना पत्र -२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ ५ गते, सोमबार

बागमती प्रदेश सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा सोमबार दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनुभयो।

**बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१)बमोजिम प्रदेश सभाको सोह्रौं अधिवेशन संवत् २०८२ साल जेठ ५ गते सोमवार बिहान ११:०० बजे आह्वान गरेको छु।**

**२८ वैशाख, २०८२** **दीपक प्रसाद देवकोटा**

**प्रदेश प्रमुख**

त्यसपछि सभाले नेपालको राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्ने सबै ज्ञात/अज्ञात शहीदहरू प्रति भाव पूर्ण श्रद्धाञ्जली अर्पणको गर्ने १ मिनेट मौन धारण गर्यो।

त्यसपछि माननीय सभामुख प्रदेश सभाको अधिवेशन प्रारम्भको अवसरमा सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुहुदै आजबाट सुरु भएको यो अधिवेशन कानुन निर्माण कार्यमा सफल हुनेछ भन्ने विश्वास लिएको छु। नागरिकका साझा अपेक्षाहरू पुरा गर्ने कार्यमा यो अधिवेशन फलदायी हुनेछ। प्रदेश सभाका गतिविधिहरूलाई नागरिकले नजिकबाट नियालिरहेको यो अवसरमा माननीयज्यूहरूले आफ्नो प्रस्तुति र क्रियाकलाप प्रभावकारी रूपले प्रस्तुत गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु। यो अधिवेशनमा सबै माननीयहरूलाई स्वागत गर्दै यो अधिवेशन सफलताको शुभकामना व्यक्त गर्दछु भन्नुभयो।

तत्पश्चात् माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त निम्न लिखित पत्र पढेर सुनाउनु भयो।

**माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङ् United Arab Emirates को Dubai मा आयोजना हुने World Government Summit 2025 मा सहभागी हुन जानु पर्ने भएकोले माननीय मुख्यमन्त्रीको सिफारिस बमोजिम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठलाई मिति २०८१ माघ ३० गतेदेखि मुख्यमन्त्री फर्की नआएसम्मको लागि कार्यवाहक मुख्यमन्त्री तोकेको छु।**

**२८ माघ, २०८१** **दीपक प्रसाद देवकोटा**

**प्रदेश प्रमुख**

त्यसपछि माननीय सभामुखले माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त निम्न बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउँनुभयो।

प्रदेश सभाको मिति २०८१ साल माघ २६ गतेको बैठकबाट पारित भई नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम मिति २०८१/११/०४ गते प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाज्यूबाट नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकरण प्रति (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछु।

| क्र.स. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | ०६/०८१ | प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/११/०६ |

मितिः २०८१/११/०८

कमल बहादुर राजलवट
सचिव

माननीय सभामुखले प्रदेश सभा नियमावली, २०७४ को नियम ११ बमोजिम बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरूलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउँनु हुँदै सहमतिको लागि गर्नुभएको प्रस्तावलाई सभाले सहमती जनायो।

१.माननीय उर्मिला नेपाल
२. माननीय रमा आले मगर
३. माननीय लक्ष्मी घिमिरे
४. माननीय शुष्पा भुजेल न्यौपाने
५. माननीय हरि प्रसाद सापकोटा

तत्पश्चात् प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको देहायका नेता / प्रतिनिधिहरूले अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्नुभयो।

१.माननीय मुख्यमन्त्री श्री बहादुर सिं लामा तामाङ,
२.माननीय शलिकराम जमकट्टेल,
३.माननीय जगन्नाथ थपलिया,
४.माननीय उद्धव थापा,
५.माननीय कृष्ण प्रसाद शर्मा खनाल,
६.माननीय सुरेन्द्रराज गोसाई,
७.माननीय सरिता खड्की,

त्यसपछि माननीय सभामुखले आजको कार्यसूचीमा रहेको भएको बाँकी कार्यक्रमहरू सुचीबाट हटाएको व्यहोरा जानकारी गरानुभयो।

तदन्तर बागमती प्रदेश सभाको अर्को बैठक २०८२ साल जेठ ६ गते मंगलबार बिहान ११:०० बजे गरी आजको बैठक दिनको २:४० बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव